नगर प्रमुख : ५२१७४३
उप-प्रमुख :५२०८७४
प्र.प्र. अधिकृत : ५२०४२९, का.
फ्याक्स : ५२११२९
दमकल : ०९१५२२१०७ा १०१

# धनगढी उप महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल ।

## निर्माण कम्पनी छनौट सम्बन्धी प्रस्ताव आव्हान

प्रथप पटक प्रकाशित मिति: २०७६/०७/२५

यस धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयले आर्थिक बर्ष २०७६/२०७७ को बार्षिक कार्यक्रम अनुसार नवीकरणीय उर्जा प्रविधि उत्पादन कार्यक्रम अन्तर्गत ६ घ. मी. गोवर ग्याँस प्लाण्ट निर्माण गर्नु पर्ने भएकोले नेपाल सरकार बाट ईजाजत प्राप्त भै स्थानीय तहमा व्यवसाय दर्ता गरेका ईच्छुक नेपाली गोवर ग्याँस कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक सिलबन्दी प्रस्ताव आब्हान गरिएको छ ।

**शर्तहरु:**

१. प्रथम पटक प्रकासित भएको मितिले ३० औ दिन दरभाउपत्र बापत रु. ३,०००। (तिन हजार मात्र) (पछि फिर्ता नहुने गरी) बुझाई आ.ब. २०७६/२०७७ सम्म मान्य हुने आयकरको स्थायी नम्बर (PAN) लिएको र मु.अ.क. प्रयोजनको लागी दर्ता भएको प्रमाण पत्र, आ.ब. २०७५/२०७६ सम्मको करचुक्ता र इजाजत पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक निर्माण कम्पनीले लिखित निवेदन दिई यस उपमहानगरपालिका कार्यालयबाट कार्यालय समय भित्र प्रस्ताव सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

२. खरिद भएको प्रस्तावहरु प्रस्टसँग भरी प्रत्येक पानामा सहिछाप गरी सिलवन्दी खाम बाहिर कम्पनीको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी ३१ औ दिन दिनको १२:०० बजे (सार्वजनिक विदा परेमा सोको भोली पल्ट) भित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका प्रस्तावहरु सोही दिनको २:०० बजे उपस्थित प्रस्तावकहरु वा प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छन् । प्रस्तावकहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३. Turnover को हकमा विगतको ५ बर्ष मध्ये सवैभन्दा बढी कार्य गरेको ३ बर्षको कार्यको औषत १ करोड सम्मको कार्यक्रम संचालनमा २ गुणा र सो भन्दा माथिको कार्यक्रम संचालनको हकमा १.५ गुणा कार्यक्रम लागतको हुनु पर्नेछ ।

४. Similar Nature of experience २ वटा योजना संचालनबाट जडान गर्नु पर्ने संख्या बरावरका दोव्वर संख्यामा गोवर ग्याँस जडान गरेको अनुभब भएको हुनुपर्ने छ तर एउटै योजनामा कार्य गरेको अनुभब प्राप्त आपुर्तिकर्ता पाउन नसक्ने अवस्थामा जडान गरिने गोवर ग्याँसको संख्या बराबर कार्य गरेको अनुभव प्राप्त हुनु पर्नेछ ।

५. जनशक्तिको व्यवस्था: आयोजनामा १ को लागी AEPC बाट तालिम प्राप्त कम्तीमा २ जना Mason भएको हुनु पर्नेछ ।

६. कम्तीमा ५ बर्ष गोवर ग्याँस सम्बन्धी कार्य गरेको अनुभव भएको हुनुपर्ने ।

७. आपुर्तिकर्ता कम्पनी बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रमा सूचिकृत भएको हुनुपर्ने ।

८. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४, (आठौ संशोधन) बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner